आज मिति २०८२/०१/०७ गते आइतबारको दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीको अध्यक्षतामा तपशिल बमोजिमको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति

१. समन्वय प्रमुख, श्री गुमान सिं ईस्वो, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री प्रकाशचन्द्र अधिकारी | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री सञ्जय कुमार तुम्बाहाङ्फे | म्याङलुङ नगरपालिका | नगर प्रमुख |
| | | लालीगुराँस नगरपालिका | |
| | | छथर गाउँपालिका | |
| | | फेदाप गाउँपालिका | |
| | श्री प्रेम तुम्बाहाङफे | नेपाली काङ्ग्रेस, तेह्रथुम | कोषाध्यक्ष |
| | श्री शिव प्रसाद ढुंगाना | नेकपा एमाले, तेह्रथुम | अध्यक्ष |
| | श्री तेजमान कन्दङवा | नेकपा माओवादी केन्द्र, तेह्रथुम | सचिव |
| | श्री | राष्ट्रिय स्वतन्त्र पार्टी, तेह्रथुम | |
| | श्री भगवान रिजाल | जनता समाजवादी पार्टी, तेह्रथुम | अध्यक्ष |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री योगेन्द्र गड्तौला | नेकपा एकीकृत समाजवादी, तेह्रथुम | अध्यक्ष |
| | श्री रमेश कार्की | कोष तथा लेखा नियन्त्रक कार्यालय | प्रमुख कोष नियन्त्रक |
| | श्री लिलाराज लामिछाने | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | श्री सुरेन्द्र बहादुर मल्ल | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा. | स.प्र.ना.उ. |
| | डा. सरोज कार्की | जलस्रोत तथा सिँचाई विकास डिभिजन, तेह्रथुम | सि.डि.ई. ~~स.प्र.नि.~~ |
| | श्री राम कुमार देव | सडक डिभिजन कार्यालय, धनकुटा | सि.डि.ईन्जिनियर |
| | श्री प्रमानन्द मेहता | संघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा | ईन्जिनियर |
| | श्री विभूती पोखेल | जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम | ईन्जिनियर |
| | श्री राजु ढुंगाना | तेह्रथुम उद्योग वाणिज्य संघ, तेह्रथुम | अध्यक्ष |
| | श्री श्रीकृष्ण दाहाल | नेपाल रेडक्रस सोसाईटी, तेह्रथुम | सभापती |
| | श्री कृष्ण विदुरी गौतम | नेपाल पत्रकार महासंघ, तेह्रथुम | सचिव |
| | श्री श्याम कुमार कठेत | नेपाल टेलिकम, तेह्रथुम | का.प्र. |
| | श्री बद्रि प्रसाद शाह | डिभिजन वन कार्यालय, तेह्रथुम | का.प्र. |
| | श्री विशाल राई | कृषि ज्ञान केन्द्र, तेह्रथुम | नि.का.प्र. |
| | श्री फडिन्द्र थापा | स्वास्थ्य कार्यालय, तेह्रथुम | का.प्र. |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री राम बहादर कुँवर | छथर गाउँपालिका, तेह्रथुम | नि.प्र.प्र.अ. |
| | श्री अजय कुमार यादव | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | सव ईन्जिनियर |
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |
| | श्री बालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री मोहम्मद प्रबेज आलम | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री विकास खड्का | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री सुनिल सिटौला | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. |
| | श्री गोविन्द लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | क.अ. |
| | श्री प्रदिप झा | बसन्तपुर नयाँ शहर आयोजना कार्यालय | प्रा. स. |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## २०८२/०१/०७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिका बैठकका निर्णयहरू:

१. जिल्ला विपद् व्यवस्थापन समितिको पुर्व बैठकबाट भएका निर्णयहरुकको बारेमा समिक्षा गरियो। कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

२. पाँचथर र तेह्रथुम जोडने माझीटार स्थित तमोर नदी माथिको पुल २०८१/०६/१२ गतेको अविरल बर्षाका कारण आएको बाढीले आठराई गाउँपालिका वडा नं. ६ तर्फको पिलर नजिक सम्म कटान गरेको र सो पुलदेखी स्वागत गेटसम्मको खण्डमा सुख्ख पहिरो गइरहेको सन्दर्भमा मिति २०८२/०१/०३ मा प्रतिनिधि सभा सदस्य माननीय सीता गुरुङ्ग, प्रदेश सभा सदस्य माननीय दुर्गा प्रसाद चापागाई दुबै जिल्लाका जि.स.स. प्रमुख, पालिका प्रमुख सहित जनप्रतिनिधि प्र.जि.अ., सुरक्षा निकाय प्रमुख लगायतका टिमले स्थलगत अनुगमन गरि बैठक समेत बसि गरेको निर्णय जिल्ला बिपद् व्यवस्थापन समिति बैठकमा जानकारी भयो । सो निर्णय तत्काल कार्यान्वयन गर्ने ।

३. पाँचथर र तेह्रथुम जोडने माझीटार स्थित तमोर नदी माथिको पुल २०८१/०६/१२ गतेको अविरल बर्षाका कारण आएको बाढीले आठराई गाउँपालिका वडा नं. ६ तर्फको पिलर नजिक सम्म कटान गरेको र सो पुलदेखी आठराई तर्फको स्वागत गेटसम्मको खण्डमा सुख्खा पहिरोका कारण सावधानी नअपनाएमा आगामी बर्षातको समयमा जुनसुकै बेला पुल र सडकमा क्षति हुन गई ठूलो बिपद आउन सक्ने सम्भावनालाई दृष्टिगत गरी सडक डिभिजन कार्यालय इलाम, पुष्पलाल मध्यपहाडी आयोजना पाँचथर र सडक डिभिजन धनकुटाले समन्यातमक रुपमा तत्काल प्राविधिकबाट स्थलगत अध्ययन अनुगमन गरी/गराई नदी नियन्त्रण, पुल संरक्षण, सडक पहिरो व्यवस्थापन एंव बिपद्का सम्भावित जोखिम न्यूनीकरणका उपाय सहितको विस्तृत प्रतिवेदन तालुक निकायमा पेश गरी तालुक निकायको आवश्यक सहयोगमा पुल/सडक संरक्षण गर्ने । सो कार्यका लागि आवश्यक सहयोग एंव बजेट व्यवस्थापनको लागि सडक बिभाग र राष्टिय बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा लेखी पठाउने ।

४. गृह मन्त्रालय स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको पत्र संख्या ०८१/०८२, चलानी नम्बर १२७८ र मिति २०८२/०१/०२ गतेको पत्रबाट **"संघ, प्रदेश र स्थानीय तह प्रभावकारी रूपमा समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७"** को दफा २२ बमोजिमको विषयगत समितिको बैठकका विपद् व्यवस्थापन सम्बन्धि निर्णयहरू कार्यान्वयन गर्ने।

५. विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निमाण तथा पुनस्थापना अनुदान कार्यविधि २०८१ को परिच्छेद ३ बमोजिम संघ प्रदेश र स्थानीयको लागत साझेदारीमा वितरण हुने अनुदान रकम प्रदेश र स्थानीय तहबाट जिल्ला विपद् व्यवस्थापन कोषमा हाल सम्म प्रास नभएको कारण लाभग्राही कायम भएका फेदाप गाउँपालिकाका १३ घर परिवारले पाउने अनुदानमा ढिलाई भइरहेको हुँदा उच्च

प्रथमिकताका साथ समयमानै अनुदान रकम निकासाका लागि NDRRMA, कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, फेदाप गाउँपालिकाको कार्यालयलाई अनुरोध गर्ने।

६. पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना कार्यालय फिदिम, पाचँथरबाट तेह्रथुम जिल्लामा निर्माण भएको सडक खण्डको नाली (ड्रेन) सफा गर्ने, सडकको दायाँ बायाँ साइड केलेयर गर्ने, टेवा पर्खाल लगायतका कार्यहरु गर्न स्थलगत अनुगमन गरी यथाशिघ्र सम्पन्न गर्ने/गराउन पुनः पत्राचार गर्ने।

७. बर्षायाम सुरुहुन लागेको सन्दर्भमा बाढी, पहिरो, चट्याङ्ग लगायतका घटनाबाट हुन सक्ने धन, जन र भौतिक क्षतिलाई न्यूनीकरण गर्न सबै स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति र सबै सम्बन्धित निकायहरु तयारी अबस्थामा रहने।

८. जलवायु परिवर्तनको कारण वर्षातको समय विगतभन्दा लामो वा छोटो, अघि वा पछी हुन सक्ने र क्षतिको अवस्था पनि पुर्वानुमानयोग्य नहुने भएकोले सोही अनुरुप तयारी अवस्थामा रहने।

९. यस जिल्लमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट चालु आ.ब. मा बिनियोजित एव स्वीकृत कार्यक्रम अन्तर्गत सचालित बिकास आयोजना र कार्यक्रम तदारुकताका साथ तोकिएको मापदण्ड र समयमा सम्पन गर्न सम्वन्धित कार्यालय प्रमुखहरू जिम्मेवार बन्ने ।

१०. जिल्लास्थित सबै पालिकाले बैशाख महिना भित्र आफ्नो पालिका भित्रको DPRP तयारी/अधावधिक गरी जिल्ला बिपद् समितिमा पठाउने । सो आधारमा जिल्ला बिपद समितिले DPRP मा अधावधिक गर्ने ।

११. जल तथा मौसम बिज्ञान बिभाग र NDRRMA बाट जारी हुने मौसम बिपद्को तथ्याङ्क निरन्तर रुपमा लिई सो को जानकारी स्थानीयस्तरमा DEOC/LEOC र स्थानीय संञ्चार माध्यम मार्फत निरतर रुपमा प्रवाह गर्ने ।

१२. आगलागीबाट घर पूर्ण रुपमा जली आवास नष्ट भई स्थानीय तहबाट राहतको लागि सिफारिस भई आएका तपसिल बमोजिमका घरघुरीलाई तत्कालको लागि राहत उपलब्ध गराईएको तपसिलको राहत रकम अनुमोदन गर्ने।

तपसिल

| क स | नाम थर | ठेगाना | उपलब्ध गराईएको रकम |
|---|---|---|---|
| १. | गोविन्द प्रसाद सुवेदी | म्याङलुङ-१० | १५,०००।- |
| २. | खड्ग बहादुर वल तामाङ | फेदाप-५ | २०,०००।- |
| ३. | राम बहादुर लिम्बु | फेदाप -५ | १५,०००।- |

१३. कुनै विपद्जन्य घटनाबाट प्रभावित भएका व्यक्तिको पुननिर्माण, प्रविलिकरण गर्नका लागि नेपाल सरकारले तोकीएको मापदण्ड भित्र पर्ने भएमा विपद प्रभावित निजी आवास प्रवलिकरण पुननिर्माण तथा पुनर्स्थापना

अनुदान कार्यविधि, २०८१ को प्रकृया पुरा गरी NDRRMA बाट सञ्चालित Software System मा इन्ट्री गरी स्थानीय विपद् व्यवस्थापन समितिले लाभग्राही कायम गरि जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने ।

१४. विगत लामो समयदेखि निर्माण अवरुद्ध भएको तमोर लम्बुघाट पुल निर्माण कार्यलाई यथाशिघ्र सम्पन्न गर्नका लागि आवश्यक प्राविधिक तथा जनशक्ति व्यवस्था तथा बजेट व्यवस्थापनको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागमा अनुरोध गर्ने ।

१५. उपयुक्त सबै कार्यका लागि यस जिल्लामा विपद् क्षेत्रमा काम गर्ने संस्थाले आवश्यक सहजिकरण गर्ने ।